# खाँडाचक्र नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : २** **संख्या : ४** **मिति :**


## भाग-२

**खाँडाचक्र नगरपालिकामा 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधिमा (प्रथम संशोधन) प्रस्ताव, २०७६**

कार्यपालिकावाट स्वीकृत मिति २०७६।१।२७

खाँडाचक्र नगरपालिकामा 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ मा संशोधन गर्न वाञ्छनीय भएकोले, खाँडाचक्र नगर कार्यपालिकाको बैठकले यो कार्यविधि जारी गरेको छ।

१ संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "खाँडाचक्र नगरपालिकामा 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०७६ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२ "खाँडाचक्र नगरपालिकामा 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा थप :

(१) खाँडाचक्र नगरपालिकामा 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (यस पछि मूल कार्यविधि भनिएको) को दफा ३ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :

" उपदफा (३) बमोजिमको म्याद समेत नबीकरण गर्न छुट भई अर्को आर्थिक वर्ष भित्र सबै प्रकृया पूरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्न माग

गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर मा थप जरिवाना रु १०००।- (एक हजार) लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गर्नुपर्नेछ ।"

(२) मूल कार्यविधिमा थप भएको दफा ३ को उपदफा (४) पछि उपदफा (५) थपिएको छ :
"उपदफा (४) बमोजिमको म्यादमा समेत नबीकरण गर्न छुट भएका तर १० वर्ष भित्र मूल कार्यविधिको दफा ३ को उपदफा (२) को सबै प्रकृया पूरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्न माग गरेमा नवीकरण गर्न छुट भएको प्रत्येक वर्षको रु ७०००।- (सात हजार) मा थप जरिवाना रु ३०००।- (तीन हजार) समेत जम्मा रु १०००। - (दश हजार) को दरले नवीकरण गर्न छुट भएको वर्षले गुणान गरी हुन आउने एकमुष्ठ रकम जरिवाना लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र नवीकरण गर्नुपर्नेछ ।

(३) मूल कार्यविधिमा थप भएको दफा ३ को उपदफा (५) पछि उपदफा (६) थपिएको छ :
"उपदफा (५) बमोजिमको जरिवाना भूक्तनी गरी सोही उपदफा बमोजिमको म्यादमा इजाजत पत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीसँग मूल कार्यविधिको अनुसूचि ५ बमोजिमको आवश्यक योग्ता भए नभएको जाँच गरी सो नभएमा आवश्यक योग्यता पूर्‍याउन लगाई मात्र प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र नवीकरण गर्नुपर्नेछ ।

३. मूल कार्यविधिको दफा ४ मा संशोधन :

(१) मूल कार्यविधिको दफा ४ को उपदफा ३ को सट्टामा देहायको उपदफा ३ राखिएको छ :
" दफा ३ को उपदफा (५) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

४ खारेजी : मूल कार्यविधिको दफा ४ को उपदफा (५) खारेज गरिएको छ ।

**आज्ञाले,**
**कासीप्रसाद पंगेनी**
**प्रमुख प्रशासकीय अधिकृत**